# सुपर खुदी हाईड्रोपावर लि. को
# मिति २०८२/०६/०८ मा बसेको
# वार्षिक साधारण सभाको निर्णय

**१. प्रारम्भिक :-**

सुपर खुदी हाईड्रोपावर लि. को मिति २०८२/०५/१७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको वार्षिक साधारण सभा यस कम्पनिको नियमावलीको नियम १९(१) र कम्पनी ऐन, २०६३ को दफा ७४(१) बमोजिम सञ्चालक समितिको अध्यक्ष श्री चेतन प्रधानज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न प्रस्तावहरू उपर छलफल र निर्णय भै वार्षिक साधारण सभा सम्पन्न भयो ।

**२. सभाको मिति, समय र स्थान :-**

मिति : २०८२/०६/०८ गते
समय : बिहान ११:०० बजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का. म. न. पा. वडा नं. ३०, डिल्लीबजार, काठमाण्डौ ।

**३. सभाको सूचना :-**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यस कम्पनीको वार्षिक साधारण सभाको सूचना मिति २०८२/०५/१८ मा राष्ट्रिय दैनिक पत्रिका आर्थिक दैनिकमा प्रकाशित गरिएको थियो ।

**४. उपस्थिति :-**

**(क) सञ्चालक समिति :-**

| | | |
|---|---|---|
| १. | श्री चेतन प्रधान | अध्यक्ष |
| २. | श्री वटु लामिछाने | सञ्चालक |
| ३. | श्री गणेश कार्की | प्रबन्ध सञ्चालक |
| ४. | श्री निभिता प्रधान | सञ्चालक |
| ५. | श्री दल बहादुर विष्ट | स्वतन्त्र सञ्चालक |

**(ख) कम्पनि सचिब**

श्री नवराज निरौला

**(ग) शेयरधनीको उपस्थिति :-**

स्वयम उपस्थिति :-
प्रतिनिधी मार्फत :-

**५. सभामा प्रस्तुत छलफलका प्रस्तावहरू :-**

**साधारण प्रस्ताबहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणसँग सम्बन्धित अनुसूचिहरू उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. आ.व.२०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. विविध ।

**विशेष प्रस्ताव:**

१. कम्पनीको चुक्ता पूँजीभन्दा बढी कर्जा लिने तथा सो कर्जाको लागि बैंकमा सह-वित्तीयकरण कर्जा सम्बन्धी सम्पूर्ण निर्णय गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
२. कम्पनीको प्रवन्धपत्रमा व्यवस्था भएबमोजिम सर्वसाधारणमा शेयर निष्कासन सम्बन्धमा यस अघि भएको निर्णयलाई निरन्तरता दिने सम्बन्धमा ।
३. नियमन निकायबाट प्रवन्धपत्र तथा नियमावलीमा कुनै संशोधन माग भई आएमा सो सम्बन्धी कामको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
४. सञ्चालकहरूको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।
५. सञ्चालकहरूको पारिश्रमिक तथा भत्ता निर्धारण गर्ने सम्बन्धमा ।

**६. गणपुरक सँख्या (कम्पनी ऐन २०६३ को दफा ७३(३) बमोजिम) :-**

| शेयरधनी सँख्या | जम्मा शेयर सँख्या | उपस्थिति | जम्मा उपस्थित | कुल प्रतिशत |
|---|---|---|---|---|
| | | स्वयम | | |
| ११११ | १,२४,००,००० | | | |
| कुल प्रतिशत | | | | |

**७. सभाको कारबाही र बैधानिकता**

बार्षिक साधारण सभामा सम्पूर्ण शेयरधनी महानुभावहरूलाई हार्दिक स्वागत गर्नुहुँदै आजको वार्षिक साधारण सभा सञ्चालनको लागि कम्पनीको नियमावलीको नियम २३ र कम्पनी ऐन २०६३ को दफा ७३(३) बमोजिम गणपुरक सँख्या पुगिसकेको जानकारी दिदै कम्पनी ऐन अनुसार सभा बैधानिक भएको जानकारी दिनु भयो ।

**८. सभापतिज्यूको आसन ग्रहण :-**

वार्षिक साधारण सभाको अध्यक्षता गर्नको लागि सुपर खुदी हाइड्रो पावर लि. को नियमावलीको नियम १९(१) र कम्पनी ऐन, २०६३ को दफा ७४(१) बमोजिम सञ्चालक समितिको अध्यक्षले नै वार्षिक साधारण सभाको सभापतित्व गर्ने प्रावधान अनुरुप यस कम्पनीको सञ्चालक समितिको अध्यक्ष श्री चेतन प्रधानज्यूले अध्यक्षताको आसन ग्रहण गर्नुभयो ।

**९. स्वागत मन्तव्य :-**

यस कम्पनीको वार्षिक साधारण सभामा पाल्नु भएका सबै शेयरधनी महानुभावहरूलाई यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री चेतन

प्रधानज्यूले स्वागत गर्दै यस कम्पनीको भविष्य सुनिश्चित एवम सहज ढंगले अगाडी बढाउनको लागि सबै शेयरधनीहरूबाट सहयोगको अपेक्षा राखेको बताउनु भयो ।

**१०. वार्षिक साधारण सभाका प्रस्ताव तथा निर्णयहरू :-**

**निर्णय नं. १**

**सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

यस बार्षिक साधारण सभामा सञ्चालक समितिको अध्यक्षज्यूले प्रस्तुत गर्नू भएको सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सर्ब सम्मतिबाट पारित गरियो ।

**निर्णय नं. २**

**लेखापरिक्षकको प्रतिबेदन सहित आर्थिक बर्ष २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब र सोही अबधिको नगद प्रबाह बिबरणसँग सम्बन्धित अनूसूचिहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।**

यस बार्षिक साधारण सभामा यस कम्पनीको लेखापरिक्षक एम.के शाह एण्ड एशोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट श्री मनोज कुमार शाहज्यूको प्रतिबेदन सहित आर्थिक बर्ष २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब र सोही अबधिको नगद प्रबाह बिबरणसँग सम्बन्धित अनूसूचिहरुलाई सर्ब सम्मतिबाट पारित गरियो ।

**निर्णय नं. ३**

**आ. ब. २०८२/०८३ को लागि लेखापरिक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।**

यस बार्षिक साधारण सभामा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष ०८२/०८३ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल हुँदा आर्थिक बर्ष २०८२/०८३ को लागि लेखापरिक्षक किरण आचार्य एण्ड एशोसिएट्सलाई मुल्य अभिबृद्धि कर बाहेक रु. २,५०,०००/ (दुई लाख पचास हजार मात्र) पारिश्रमिक प्रदान गर्ने गरि पेश भएको प्रस्तावलाई सर्ब सम्मतिबाट पारित गरियो ।

**निर्णय नं. ४**

**बिबिध**

यस बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा कम्पनीका अध्यक्ष श्री चेतन प्रधान, प्रबन्ध सञ्चालक श्री गणेश कार्की तथा कम्पनी सचिव श्री नवराज निरौला बाट हस्ताक्षर गर्ने निर्णय गरियो ।

**विशेष प्रस्ताव:**

**निर्णय नं. १.**

**कम्पनीको चुक्ता पूँजीभन्दा बढी कर्जा लिने तथा सो कर्जाको लागि बैंकमा सह-वित्तीयकरण कर्जा सम्बन्धी सम्पूर्ण निर्णय गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।**

यस प्रस्ताब उपर सभामा छलफल हुदा यस कम्पनीले प्रबर्द्धन गरेको सुपर खुदी हाइड्रो पावर आयोजना निर्माण गर्नको लागि आबश्यक पर्ने रकम

कन्सोटियमको अगुवा बैंक ग्लोवल आइएमई बैंक लि., सहायक बैंकहरुमा हिमालयन बैंक लि., कुमारी बैंक लि. र कृषि विकास बैंक लि. बाट कम्पनीको चुक्ता पूँजी भन्दा बढी कर्जा लिने र उक्त कर्जा लिनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय सर्ब सम्मतिले गरियो ।

**निर्णय नं. २**

**कम्पनीको प्रवन्धपत्रमा व्यवस्था भएबमोजिम सर्वसाधारणमा शेयर निष्कासन सम्बन्धमा यस अघि भएको निर्णयलाई निरन्तरता दिने सम्बन्धमा ।**

(क) यस कम्पनीको श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रमाणित अद्यावधिक पूँजी संरचना अनुसार कम्पनीको जारी पूँजी रु. १,५५,००,००,०००/- को २० प्रतिशतले हुने रकम रु.३१,००,००,०००/- बराबरको रु १००/- अंकित दरको ३१,००,०००। कित्ता शेयरको प्रारम्भिक निष्काशन गर्ने भनी यस अघिको बार्षिक साधारण सभाबाट पनि पारित गरेकोमा सो लाई निरन्तरता दिने निर्णय सर्वसम्मतले पारित गरियो ।

(ख) नेपाल धितोपत्र बोर्डमा साधारण शेयर निष्काशन (IPO) सम्बन्धि धितोपत्र दर्ता तथा विवरण पत्र स्वीकृत गर्न आवश्यक काम कारबाहीको लागि कम्पनीका तर्फबाट सञ्चालक समितिको अध्यक्ष श्री चेतन प्रधानज्यूलाई अख्तियारी दिने निर्णय सर्ब सम्मतीले गरियो ।

**निर्णय नं. ३**

**नियमन निकायबाट प्रवन्धपत्र तथा नियमावलीमा कुनै संशोधन माग भई आएमा सो सम्बन्धी कामको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।**

यस प्रस्तावमा सभामा छलफल हुँदा यस कम्पनीको प्रबन्ध पत्र तथा नियमाबलीमा कुनै नियमन निकायबाट प्रवन्धपत्र तथा नियमावलीमा कुनै संशोधन माग भई आएमा सो अनुसारको कम्पनीको प्रबन्ध पत्र तथा नियमाबलीमा सँशोधन गर्नको लागि यस कम्पनीको संचालक समितिलाई अख्तियारी दिने निर्णय सर्ब सम्मतीले गरियो ।

**निर्णय नं. ४**

**सञ्चालकहरूको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।**

यस प्रस्ताब उपर बैठकमा छलफल हुँदा यस कम्पनीको रिक्त रहेको सञ्चालकमा यस कम्पनीको मिति २०८१।१०।०९ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयबाट श्री निभिता प्रधान र मिति २०८२।०३।०२ को निर्णयबाट स्वतन्त्र सञ्चालक श्री दल बहादुर विष्टको नियुक्तिलाई अनुमोदन गर्ने निर्णय सर्ब सम्मतिले गरियो ।

**निर्णय नं. ५**

**सञ्चालकहरूको पारिश्रमिक तथा भत्ता निर्धारण गर्ने सम्बन्धमा ।**

यस बार्षिक साधारण सभामा यस कम्पनीका सञ्चालक हरुको टेलिफोन, पत्रपत्रिका, यातायात तथा सञ्चार खर्च वापत मासिक रु १३,०००/- भत्ता

Super Khudi Hydropower Limited * Estd 2008 * Kathmandu, Nepal

दिने निर्णय गरियो । दैनिक प्रशासनिक तथा निर्माण कार्यमा संलग्न हुने संचालक तथा अध्यक्षको हकमा टेलिफोन, पत्रपत्रिका, यातायात तथा सञ्चार खर्च समेत देहाय बमोजिम पारिश्रमिक निर्धारण गर्ने निर्णय गरियो ।

| सि.नं. | सञ्चालक | पद | पारिश्रमिक |
|---|---|---|---|
| १. | श्री चेतन प्रधान | अध्यक्ष | १५०,०००/- |
| २. | श्री गणेश कार्की | प्रबन्ध सञ्चालक | १५०,०००/- |
| ३. | श्री वटु लामिछाने | सञ्चालक | १५०,०००/- |
| ४. | श्री निभिता प्रधान | सञ्चालक | १५०,०००/- |

**धन्यबाद ज्ञापन तथा सभाको बिसर्जन :-**

अन्त्यमा सभापतिज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उहाँहरूको अमूल्य सल्लाह, सुझाव तथा सभामा उत्साहजनक रुपमा आफ्नो अमूल्य समय प्रदान गरि सकारात्मक एवम् सक्रिय रुपमा सहभागी भै पेश भएका प्रस्तावहरूलाई सर्बसम्मतिबाट पारित गरिदिनु भएकोमा हार्दिक धन्यबाद दिदै आभार प्रकट गर्नु भयो । तत्पश्चात सभापतिज्यूले अपरान्ह १३:१५ बजे बार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नु भयो ।

Super Khudi Hydropower Ltd. * Estd 2008 * Kathmandu, Nepal